Kantipur Pharmaceuticals Lab Limited

" TOGETHER FOR LIVESTOCK HEALTH "

दोस्रो
वार्षिक प्रतिवेदन
२०८१ - २०८२

मिति : २०८२/१०/२१

KPL

Kantipur Pharmaceuticals Lab Limited

" TOGETHER FOR LIVESTOCK HEALTH "

ALL OVER NEPAL



OUR HEADQUATERS

- Bagmati Province
- Gandaki Province
- Karnali Province
- Sudhurpaschim Province
- Madesh Province
- Lumbini Province
- Koshi Province

कान्तिपुर फर्मास्युटिकल्स ल्याव लि को

संचालक समिति

श्री हेम राज बडाल
अध्यक्ष

श्री सुना सुबेदी
संचालक

श्री नवराज पौड्याल
संचालक

श्री दिवेश थापा
संचालक

श्री अनिश बडाल
संचालक

श्री निरज कार्की
स्वतन्त्र संचालक

श्री रेखा पौडेल
कम्पनि सचिव

बिषय सूचि

KPL

Kantipur Pharmaceuticals Lab Limited

(कम्पनि ऐन २०६३ को दफा ७१ साग सम्बन्धित)

प्रोक्सी फारम

श्री सचालक समिती
कान्तिपुर फर्मास्यूटिकल्स ल्याब लिमटेड
ललितपुर ८, बालकुमारी

मितिः ....

विषय : प्रतिनिधी नियुक्त गरिएको बारे ।

महाशय,

..................जिल्ला .... न.पा./गा.पा. वडा नं...... बस्ने म/हामी .... ले उक्त लि. को शेयरधनीको हैसियतले संवत् २०८२ साल माघ २१ गते बुधबार (तदनुसार ४ फेब २०२६) का दिन हुने दोस्रो वार्षिक साधारण सभामा म/हामी स्वयम् उपस्थित हुन, छलफल तथा निर्णयमा भाग लिन एवम् मतदान प्रक्रियामा सहभागी हुन नसक्ने भएकाले मेरो/हाम्रो तफर्बाट सोही प्रयोजनार्थ ....जिल्ला .... न.पा./गा.पा. वडा नं .... बस्ने .... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाइएको छु /छौं ।

प्रतिनिधी नियुक्त गर्ने व्यक्तिको :	प्रतिनिधी नियुक्त गरि पठाएको व्यक्तिको :
नाम :	नाम :
ठेगाना :	ठेगाना :
शेयरधनी नं :	शेयरधनी नं :
हस्ताक्षर नमुना :	हस्ताक्षर नमुना :
परिचय पत्र नं. :	परिचय पत्र नं. :
मिति :	मिति :

वार्षिक साधारण सभामा स्वयम् उपस्थित हुन नसक्ने शेयरधनीहरुले यस संस्थाको कार्यलय ललितपुर-८, बालकुमारी वा कार्यलयको टेलिफोन नं. ०१-५१८६६०४ मा सम्पर्क गरी दोस्रो वार्षिक साधारण सभाका लागि नयार पारिएको प्रोक्सी फारम बुझी सो फारम भरी संवन् २०८२ माघ २० गते मंगलबार (तद्अनुसार ३ फेब २०२६) बिहान ११:०० बजेसम्म सोही स्थानमा बुझाउनुहुन सुचित गरिन्छ ।

कान्तिपुर फर्मास्यूटिकल्स ल्याब लिमटेडको
दोस्रो वार्षीक साधारण सभामा उपस्थितिका लागि जारी गरिएको
प्रवेश पत्र

१. शेयर धनीको नाम	
२. ठेगाना	
३. लिएको शेयर संख्या	

द्रष्टव्य : सभा कक्षमा प्रवेश गर्नका लागि यो प्रवेश पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

कम्पनि सचिब

कान्तिपुर फर्मास्यूटिकल्स ल्याब लिमिटेड

रजिस्टर्ड कार्यलय, बालकुमारी ललितपुर

द्वितिय बार्षिक साधारण सभाको सुचना

(प्रथम पटक प्रकाशित मिति २०८२।०९।२८)

यस कम्पनीको मिति २०८२/०९/०५ मा बसेको सञ्चालक समितीको बैठकको निर्णय बाट यस कम्पनीको द्वितिय बार्षिक साधारण सभा निम्न लिखित मिति समय र स्थानमा निम्न लिखित बिषयहरु उपर छलफल गर्नकालागी बस्ने निर्णय भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुमा उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछौ ।

सभाहुने मिति, समय र स्थान

मिति :- २०८२/१०/२१ गते

समय :- दिउसो ११ बजे ।

स्थान :- स्क्वायर होटेल, पुल्चोक ललितपुर ।

छलफलका बिषयहरु :-

(क) साधारण प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युबाट पेश हुने आ.व.०८१/०८२ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रनिवेदनसहित कम्पनिको आ ब २०८१।८२ को वासलात नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण र सो सँग सम्बन्धित अनुसूचिहरुसहितको बित्तिय विवरण उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।

३. कम्पनि ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनिको आ ब २०८२/८३ को बाह्य लेखा परिक्षक नियुक्ती र निजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा ।

४. बिबिध ।

सञ्चालक समितीको आज्ञाले

कम्पनी सचिब

कान्तिपुर फर्मास्यूटिकल्स ल्याब लिमिटेडको द्धितिय बार्षिक साधारण सभा

संचालक समितीको तर्फबाट प्रस्तुत अध्यक्ष ज्यूको मन्तव्य सहितको वार्षिक प्रतिवेदन
आर्थिक वर्ष २०८१/०८२

आदरणीय शेयरधनी महानुभावहरू,
संचालक समिति सदस्य ज्यूहरू,
श्रद्धेय अतिथिज्यूहरू,
उपस्थित सबै सरोकारवालाहरू,

कान्तिपुर फर्मास्यूटीकल्स ल्याव लि को दोस्रो वार्षिक साधारण सभामा तपाईंहरू सबैलाइ म हार्दिक स्वागत गर्दै यहाँहरुको गरीमामय उपस्थितीको लागी हृदय देखी नै धन्यवाद व्यक्त गर्न चाहन्छु। कम्पनीको वित्तीय वर्ष २०८१/८२ को प्रगति एवं उपलब्धि, व्यावसायिक चुनौती र भविष्यका योजनाहरू प्रस्तुत गर्ने यो अवसर हामी सबैका लागि महत्वपूर्ण छ।

गत आर्थिक वर्ष पशुपालन क्षेत्र तथा नेपालका फर्मास्यूटिकल्स उद्योगले सामना गरीरहेको चुनौती, आर्थीक मन्दी, देशमा विद्यमान राजनितिक उतावचढाव, सरकारी निकायमा हुने ढिला सुस्ति तथा बढ्दो बैदेशिक मुद्रा दर को बाबजुद कम्पनीले निकै महत्वपूर्ण उपलब्धिहरु हासिल गरेको छ। कम्पनीसँग हाल फिड सप्लिमेन्ट तर्फ विभिन्न प्याक साइजमा १३५ वटा उत्पादनहरू बजारमा बिक्री वितरण भई रहेका छन्। एलोपेथिक तर्फ कम्पनि संचालनमा आएको पहिलो वर्षमा नै औषाधि व्यवस्था विभाग मार्फत ५९ वटा उत्पादनहरूको बजार बिक्री अनुमती पत्र प्राप्त गरी बजारमा बिक्री बीतरण गर्न सफल भएका छौं। त्यस्तै थप १०७ वटा उत्पादनहरूको उत्पादन अनुमति पत्र प्राप्त गरिसकेका छौं। साथै ५० वटा उत्पादनहरू R&D चरणमा रहेका छन्। यस उपलब्धिले कम्पनीको उत्पादन विकास र बजार विस्तारको उच्च गति स्पष्ट रूपमा देखाउँछ। हामि गर्व गर्न सक्छौं, औषधि व्यवस्था विभागबाट प्राप्त गर्नु पर्ने र हामीले उत्पादन लक्ष्य लिएका झन्डै एक तिहाइ उत्पादनको बिक्री प्रवर्द्धन गर्दा पनि हामी बजारको हिसाबमा पहिलो बर्षमानै दोस्रो ठूलो भेटेरीनरी औषधिको कारोबार गर्ने उद्योगको स्थानमा पुगिसकेका छौ। यो उपलब्धि केवल बजारको स्थान मात्र होइन, हाम्रो उत्पादनको गुणस्तर, चिकित्सक, प्राक्टिसनर, र व्यवसायी हरूको हामी प्रतीको विश्वास, बजार प्रतिनिधि तथा व्यवस्थापनको उच्च दक्षताको प्रतिफल हो। यसले हामीलाई भविष्यमा अझ उचाइमा पुग्ने प्रेरणा दिएको छ।

विश्वव्यापी स्तरमा फर्मास्यूटिकल उद्योगले स्वास्थ्य सेवा प्रणालीमा महत्वपुर्ण योगदान पुर्याइरहेको छ। बढ्दो जनसंख्या, घट्दो रोगप्रतिरोधात्मक क्षमता, र स्वास्थ्य सेवामा गुणस्तर र पहुँचको आवश्यकता बढेसँगै औषधि तथा पोषण सम्बन्धी उत्पादनहरूको माग निरन्तर वृद्धि हुँदै आएको छ। नेपालमा पनि कृषि र पशुपालन क्षेत्रको विकास, प्राविधिक पहुँच, तथा जनचेतनाको वृद्धिले पशु स्वास्थ्य र पोषण उत्पादनको मागलाई थप फराकिलो बनाएको छ। यसै माग र अवसरलाई दृष्टिगत गर्दै कम्पनीले आफ्नो उत्पादन, क्षमता, गुणस्तर र बजारको पहुँच विस्तार गर्दै आएको छ।

हाम्रो उत्पादन दायरा Treatment (एलोपेथिक औषधि) र Neutrition (फिड सप्लिमेन्ट) दुवै क्षेत्रमा फैलिएको छ। यसले पशु रोग उपचार र पोषण सुधार दुवै आवश्यकतालाई एकै साथ समेट्ने कार्य गरेको छ। एलोपेथिक औषधिहरूले पशु उपचारको आधारभूत आवश्यकता पूर्ति गर्ने काम गरिरहेका छन् भने फिड सप्लिमेन्ट्सले पशुको प्रतिरोधात्मक क्षमता, वृद्धि र उत्पादन सुधारमा योगदान पुर्याइरहेका छन्। विशेष गरी यस अवधिमा फिड सप्लिमेन्ट्स बजारको अवस्था सकारात्मक रहेको छ। पशुपालन क्षेत्रको वृद्धि र पशु स्वास्थ्य प्रतिको चेतनाको वृद्धि सँगै फिड सप्लिमेन्ट्सको माग निरन्तर बढ्दो छ। कम्पनीले यस मागलाई मध्यनजर गर्दै उत्पादन र वितरण सञ्जाललाई थप सुदृढ र व्यवस्थित बनाउँदै आएको छौं।
गुणस्तरमा कम्पनीले उच्च स्तर कायम गरेको छ। हाम्रो उत्पादन प्रक्रिया WHO-GMP मापदण्ड अनुसार सञ्चालनमा छ र हामी European Standard मा आधारित आधुनिक प्रविधि अपनाउँदै आएका छौं। यसले उत्पादनको गुणस्तर, सुरक्षा र विश्वसनीयता सुनिश्चित गरेको छ। हामीले कच्चा पदार्थको छनोटदेखि उत्पादन प्रक्रिया, गुणस्तर परीक्षण, प्याकेजिङ र भण्डारणसम्म सबै चरणमा उच्च अन्तराष्ट्रिय मापदण्डहरु अपनाएका छौं।

उत्पादन क्षमता र मानव संसाधनको दृष्टिले पनि कम्पनी बलियो छ। उत्पादन विभागमा विज्ञ, प्राविधिक, अप्राविधिक तथा सहायक गरी कुल ७८ जना कर्मचारी कार्यरत छन् साथै देशव्यापी बजार विस्तारका लागि २८ जना बजार प्रनिनिधि सक्रिय रूपमा काम गरिरहेका छन्। यसले कम्पनीको उत्पादन र बिक्री सञ्जाललाई बलियो बनाएको छौं।

कम्पनीले वितरण प्रणालीलाई पनि व्यवस्थित र प्रभावकारी बनाएको छ। विराटनगर, चितवन, जनकपुर, वीरगञ्ज, बुटव , नेपालगञ्ज, धनगढी, पोखरा, काठमाडौं लगायत शहरहरूमा हेडक्वाटर स्थापना गरि विक्रि वितरण कार्य गर्दै आएका छौं, साथै आवश्यकता अनुसार थप विस्तार र सुधार गर्ने योजना अघि बढाइरहेका छौं । सातै प्रदेशका सतहत्तरै जिल्लामा हाम्रो उत्पादन वितरण भैइरहेको छन् । WHO-GMP प्राप्त भए सँगै नेपाल सरकारका पशु सेवा कार्यालय तथा स्थानीय निकायहरूमा सिधैं टेन्डर मार्फत बिक्री वितरण गर्ने तयारी गरिरहेका छौं ।

हाम्रो कम्पनीको सोच Vision भनेको "विश्वस्तरीय मापदण्ड सहित गुणस्तरीय पशु औषधि तथा पोषण उत्पादन मार्फत नेपाल र विश्वभर पशु स्वास्थ्य र समृद्धिमा योगदान पुऱ्याउने" हो ।

हाम्रो लक्ष्य (Mission) भनेको "आधुनिक प्रविधि, उच्च गुणस्तर र निरन्तर नवप्रवर्तन मार्फत पशु स्वास्थ्य र पोषण क्षेत्रमा उच्च गुणस्तरीय उत्पादन तथा सेवा प्रदान गर्दै, सार्क क्षेत्र एवं अफ्रिकी बजारमा निर्यात विस्तार गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने" हो ।

हामीले GMP / FAMI-QS प्रमाणपत्र प्राप्न गरेपश्चात SAARC क्षेत्र र अफ्रिकी बजारमा निर्यात विस्तार गर्ने रणनीति अघि बढाएका छौं । यसले कम्पनीलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक बनाउनेछ। SAARC क्षेत्रका देशहरूमा हाम्रो उत्पादनको माग उच्च रहेको देखिन्छ। हामीले त्यहाँ गुणस्तर, विश्वसनीय र निरन्तर आपूर्ति सुनिश्चित गर्दै बजार विस्तार गर्ने लक्ष्य राखेका छौं । साथै अफ्रिकी देशहरूमा पशु स्वास्थ्य र पोषण उत्पादनको माग बढ्दै गएकोले हाम्रो निर्यान क्षमता त्यहाँ समेत प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ भन्ने बिश्वास लिएका छौं ।

अन्त्यमा, म सबै शेयरधनी, ग्राहक, वितरक, कर्मचारी र सबै सरोकारवालालाई निरन्तर विश्वास र सहयोग प्रदान गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । हामीले हालसम्म प्राप्त गरेको उपलब्धि केवल सुरुवात मात्र हो, निश्चित छ भविष्यमा हामीले अझ ठूलो लक्ष्य हासिल गर्नेछौं । हामी सबै मिलेर कम्पनीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गर्विलो, दिगो र विश्वासिलो औषधि तथा पोषण कम्पनी बनाउने दिशामा निरन्तर काम गर्दै जानेछौं ।

धन्यवाद।

कम्पनिको उत्पादन तथा बजार क्षेत्र

सङ्गठित संस्थाले उत्पादित वस्तु बिक्री वितरणका लागि उपयुक्त वितरण प्रणाली अपनाएको छ । यसका लागि देशैभिर वितरक चयन गरी सबिधत वितरकसँग संस्थाको सम्झौता भइसकेको छ । क पनीले हालसम्म, विर्तामोड विराटनगर, लाहान, जनकपुर, विरगंन्ज, नारायणघाट, बुटवल, दाङ, नेपालगंज, धनगढी, पोखरा, काठमाडौं जस्ता सहरहरुमा आफ्नो हेडक्वाटर स्थापना गरिसकेको छ भने आवस्यकनाअनुसार यसलाई थप्दै लैजाने योजनासमेत तय गरेको छ । तिनै वितरकका माध्यमबाट हाम्रा वुस्तुहरु सातै प्रदेशका सतहत्तरै जिल्लामा आफ्नो कारोबार संचालन गरिरहेका छौं । साथै WHOM GMP प्राप्त भएसँगै नेपाल सरकारका पशु सेवा कार्यालय तथा स्थानिय निकायमा पनि यहाँको आवास्यकताअनुसार टेन्डरमाफर्त वितरण गर्ने छौं ।

बजार स्थिति तथा उत्पादन गतिविधिहरु

कम्पनीले बजारको माग र प्रवृत्तिलाई ध्यानमा राख्दै उत्पादन गतिविधि सञ्चालन गर्दै आएको छ। उत्पादन तालिका वार्षिक तथा मासिक रूपमा मागअनुसार पूर्वनिर्धारित गरी तयार गरिन्छ र त्यसअनुसार विभिन्न औषधिहरूको उत्पादन नियमित रूपमा सञ्चालन हुन्छ। यसरी योजना-अनुसार उत्पादन गर्दा बजार आपूर्ति निरन्तर र समयमै सुनिश्चित गर्न सहयोग पुगेको छ।
विशेषगरी फिड सप्लिमेन्ट्स तर्फको बजार माग यस अवधिमा अपेक्षाकृत सकारात्मक रहेको छ। पशुपालन क्षेत्रमा वृद्धि, कृषि विकास र पशु स्वास्थ्यप्रतिको सचेतनाको वृद्धिसँगै फिड सप्लिमेन्ट्सको माग निरन्तर बढ्दै गएको छ। कम्पनीले यो मागलाई ध्यानमा राखेर उत्पादन क्षमता र वितरण सञ्जाललाई थप सुदृढ बनाउँदै उत्पादन र आपूर्तिमा निरन्तरता कायम गरेको छ। यसले कम्पनीको बिक्री र बजार उपस्थितिलाई थप मजबुत बनाएको छ ।
कम्पनीको बजार प्रतिनिधिहरूको संख्या हाल २८ जना रहेको छ जसले देशव्यापी स्तरमा उत्पादनको प्रचार-प्रसार, ग्राहक सेवा तथा बजार प्रतिक्रिया संकलन गर्दै बिक्री सञ्जाललाई सुदृढ बनाइरहेका छन् । उत्पादन विभागमा विज्ञ र प्राविधिक, अप्राविधिक तथा सहायक गरी कुल ७८ जना कर्मचारी कार्यरत छन्, जसले उत्पादन प्रक्रिया, गुणस्तर नियन्त्रण र उत्पादन निरन्तरतामा महत्वपूर्ण भूमिका खेलेका छन् ।

कम्पनीसँग हाल फिड सप्लिमेन्ट तर्फ १३५ वटा उत्पादन हरु बजारमा बिक्रि वितरण भइ रहेको छन् भने एलोपेथि तर्फ संचालन भएको प्रथम वर्ष मा नै ५९ वटा उत्पादनहरू बजारमा बिक्री (Marketing) को लागि अनुमति प्राप्त छन् भने १०७ वटा उत्पादनहरू उत्पादन (production) को लागि अनुमति प्राप्त छन् । साथै ५० वटा उत्पादनहरू (R&D) चरणमा रहेका छन् र आवश्यक दर्ता तथा अनुमति प्रक्रियामा अगाडि बढाईदैछ ।

एलोपेथिक औषधिहरू बजारमा उल्लेखनीय उपस्थिति कायम गरेका छन् र पशुचिकित्सक र प्राक्टिसनर हरूले हाम्रो उत्पादनलाई प्राथमिकता दिएका छन् । कम्पनीले गुणस्तरीय उत्पादन, नियामक अनुपालन र बजार सञ्जाल विस्तारमार्फत आगामी दिनहरूमा पनि बजार हिस्सेदारी थप वृद्धि गर्ने लक्ष्य राखेको छ ।

संस्थागत सुशासन

ले कम्पनी ऐन, २०६३, प्रचलित नियमावली तथा सार्वजनिक लिमिटेड कम्पनीका सुशासन मार्गदर्शनहरूको पूर्ण पालना गर्दै पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता र नैतिक व्यवसायिक अभ्यासलाई संस्थागत गरेको छ। कम्पनीमा संचालक समिति तथा व्यवस्थापनबीच स्पष्ट भूमिका र अधिकार विभाजन गरिएको छ र प्रमुख नीतिगत निर्णयहरू संचालक समितिको निर्देशनमा कार्यान्वयन गरिन्छ। प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, समयमै वित्तीय प्रतिवेदन, स्वतन्त्र बाह्य अडिट तथा सरोकारवालासँगको नियमित जानकारी आदान-प्रदानमार्फत कम्पनीले दीगो र जिम्मेवार सुशासन कायम गर्दै आएको छ।

संस्थागत सामाजिक उत्तरदाइत्व (Corporate Social Responsibility)

कान्तिपुर फर्मास्युटिकल्स ल्याव लि ले संस्थागत सामाजिक उत्तरदायित्वलाई आफ्नो दीर्घकालीन दिगोपन र सुशासनको महत्वपूर्ण अङ्गका रूपमा लिएको छ । कम्पनीले व्यवसायिक गतिविधि सञ्चालन गर्दा सामाजिक, आर्थिक तथा वातावरणीय पक्षहरूलाई सन्तुलित रूपमा सम्बोधन गर्दै समुदायप्रति उत्तरदायी रहने नीति अवलम्बन गरेको छ ।
कम्पनीले पशु स्वास्थ्य तथा कृषि क्षेत्रको विकासमा योगदान पुऱ्याउने उद्देश्यले गुणस्तरीय पशु औषधि तथा फिड सप्लिमेन्टहरू उत्पादन तथा आपूर्ति गर्दै आएको छ । यसका साथै, पशुपालक किसानहरूलाई सचेतना, प्राविधिक जानकारी तथा उत्तरदायी औषधि प्रयोगसम्बन्धी मार्गदर्शन प्रदान गर्दै आएको छ।
कान्तिपुर फर्मास्युटिकल्स ल्याव लि ले सुरक्षित कार्य वातावरण (Safe Working Environment) , श्रमिक कल्याण, सामाजिक सुरक्षा (SSF) तथा लागू श्रम ऐनको पालना गर्दै मानव संसाधन विकासमा जोड दिएको छ। वातावरणीय दायित्वअन्तर्गत उत्पादन प्रक्रियामा स्वच्छता, फोहोर व्यवस्थापन, GMP मापदण्डको पालना तथा वातावरणमैत्री अभ्यासलाई प्राथमिकता दिइएको छ ।
कम्पनीले समय-समयमा शिक्षा, स्वास्थ्य, सामाजिक सहयोग तथा आपत्कालीन अवस्थामा समुदायलाई सहयोग गर्दै सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएको छ। यसरी, कम्पनीले नाफामुखी उद्देश्यसँगै समाज र राष्ट्रप्रति जिम्मेवार व्यवसायिक अभ्यासलाई निरन्तर अघि बढाइरहेको छ ।

आन्तरिक नियन्त्रण प्रणाली

कान्तिपुर फर्मास्युटिकल्स ल्याव लि ले संस्थाको सम्पत्ति संरक्षण, वित्तीय विवरणको विश्वसनीयता, सञ्चालनको प्रभावकारिता तथा लागू कानुन, नियम र नियामक निकाय DDA GMP आदि. का प्रावधानहरूको पालना सुनिश्चित गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको छ।

संस्थामा अधिकार तथा जिम्मेवारीको स्पष्ट विभाजन गरिएको छ र स्वीकृति, प्रमाणीकरण तथा अभिलेख राख्ने प्रक्रिया व्यवस्थापनको निर्देशनअनुसार सञ्चालन गरिएको छ। कच्चा पदार्थ, उत्पादन, स्टोर तथा बिक्रीसँग सम्बन्धित स्टकको नियमित अनुगमन, भौतिक गणना तथा लेखा मिलान Reconcillation गरिन्छ।

वित्तीय कारोबारहरू प्रचलित लेखा मापदण्डअनुसार अभिलेख गरिन्छ र बैंक मिलान नियमित रूपमा गरिन्छ। खर्च, खरिद, भुक्तानी तथा राजस्वसँग सम्बन्धित कार्यमा बहु-स्तरीय स्वीकृति प्रणाली लागू गरिएको छ ।

सूचना तथा प्रतिवेदन प्रणालीमार्फत व्यवस्थापनलाई समयमै आवश्यक वित्तीय तथा व्यवस्थापकीय जानकारी उपलब्ध गराइन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सुनिश्चित गर्न व्यवस्थापनद्वारा निरन्तर अनुगमन गरिन्छ र बाह्य अडिटका सिफारिसहरूलाई सुधारात्मक रूपमा कार्यान्वयन गरिन्छ ।

यसरी, कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली समग्र रूपमा उपयुक्त र प्रभावकारी रहेको व्यवस्थापनको ठहर छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारमा पर्न सक्ने सम्भावित असर तथा न्युनिकरणका लागि अपनाएका कदमहरु ।

कम्पनीको उद्योग सञ्चालनमा रहेको, शेयरधनीबाट कबुल रकम पूर्ण रूपमा प्राप्त भइसकेको तथा बैंकबाट ऋण सुविधा उपलब्ध भएकाले वित्तीय साधनको अभावबाट हुने जोखिम न्यून रहेको छ। औषधि उत्पादनका लागि आवश्यक कच्चा पदार्थ तथा अन्य सहायक सामग्रीहरू पर्याप्त मौज्दातमा रहेको र भविष्यको आवश्यकता अनुसार भण्डारण व्यवस्था मिलाइएको छ।

कम्पनीका उत्पादनहरू हाल मजबुत बिक्री सञ्जालमार्फत बजारसम्म महज रूपमा पुऱ्याइँदै आएको छ। यद्यपि, बजारको मागमा परिवर्तन, नयाँ प्रतिस्पर्धीको प्रवेश, विश्वव्यापी महामारी, आर्थिक मन्दी तथा देशको आर्थिक उतार-चढावबाट जोखिम उत्पन्न हुन सक्ने भएकाले बिक्री सञ्जाल विस्तार तथा बजार विविधीकरणको रणनीति अवलम्बन गरिएको छ।

उद्योग सञ्चालनमा आइसकेको हुनाले आयोजना सम्पन्नमा ढिलाइ तथा लागत अभिवृद्धिको जोखिम नरहेको छ। विदेशी विनिमय दरमा हुने उतार-चढाव तथा वैदेशिक व्यापार नीतिमा परिवर्तनबाट कच्चा पदार्थ आयातमा असर पर्न सक्ने भएकाले बैंकिङ साधन (Forward Contract) प्रयोग गर्ने नीति अपनाइएको छ।

कानुनी तथा नियामक प्रक्रियाका सन्दर्भमा कम्पनीले आवश्यक पूर्वाधार, DDA; स्वीकृति तथा इजाजत प्राप्त गरी उत्पादन तथा बजारीकरण गरिरहेको छ र नयाँ उत्पादन दर्ता तथा स्वीकृतिका प्रक्रिया निरन्तर अगाडि बढाइरहेको छ। अनुभवी सञ्चालक तथा व्यवस्थापन टोली भएकाले सञ्चालन इतिहाससम्बन्धी जोखिम न्यून रहेको छ।

प्रविधिमा हुने परिवर्तन, प्राकृतिक प्रकोप, राजनीतिक अस्थिरता तथा अन्य अप्रत्याशित परिस्थितिबाट जोखिम उत्पन्न हुन सक्ने भए पनि आवश्यक तालिम, प्रविधि आधुनिकीकरण, बीमा व्यवस्था तथा जोखिम व्यवस्थापन नीतिमार्फत ती जोखिमहरू न्यूनीकरण गर्ने व्यवस्था गरिएको छ।

समग्रमा, व्यवस्थापनले जोखिम र प्रतिफलबीच सन्तुलन, अनुशासित जोखिम वहन, प्रविधि सुधार, दक्ष जनशक्ति विकास, नियामक निकायका निर्देशनको पालना तथा सम्पत्ति र कर्मचारी बीमाजस्ता उपायहरू अवलम्बन गर्दै सम्भावित जोखिमहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने नीति लिएको छ।

लेखा परिक्षण वासलात र अन्य विवरण

कम्पनीको वित्तीय विवरणहरूको लेखा परिक्षण (Audit) बाह्य लेखा परिक्षकद्वारा गरि रिपोर्ट प्रस्तुत गरिएको छ। लेखा परिक्षणको क्रममा कम्पनीका वित्तीय अभिलेख, लेनदेन, भौतिक सम्पत्ति, बैंक मिलान, तथा आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा गरिएको छ। लेखा परिक्षकले प्राप्त प्रमाणहरू र प्रासंगिक जानकारीको आधारमा वित्तीय विवरणहरू सामान्यतया स्वीकार्य लेखा मापदण्ड (NFRS) अनुसार तयार गरिएको भनी आफ्नो निष्कर्ष प्रदान गरेका छन् ।

२०८२ साल असार मसान्तसम्मको वासलात, २०८१।०८२ को नाफा र नोक्सान हिसाब, नगद प्रवाह विवरण, सम्बन्धित अनुसूचीहरु लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनको अङ्गका रुपमा समावेश गिरएको छ । साथै कम्पनी ऐन, २०६३ को दफा १०९ (४) बमोजिमका विवरण हरुलाई अतिरिक्त विवरणका रुपमा समेत प्रस्तुत गिरएको हुँदा यहाँ सोको पुनरावृत्ति गिरएको छैन । साथै कम्पनीको उत्पादन लागत, बिक्री वितरण खर्च व्यवस्थापन खर्च प्रशासिनक खर्च हरुको विवरणलगायतका विषयहरु पनि यसै संचालक समितिको प्रतिवेदनका साथ संलग्न लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाबिकताब लगायतका संलग्न विवरणहरु बाट प्रस्ट हुने छ भन्ने विस्वास लिएका छौं ।

१ कम्पनिको पृष्ठभूमि

(अ) संस्थाको नामः कान्तिपुर फर्मास्यूटिकल्स ल्याब लिमिटेड (Kantipur Pharmaceutical Lab Limited) .

(आ) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(इ) संस्थाको रजिष्टर्ड ठेगाना : यस संस्थाको रजिष्टर्ड कार्यालय ललितपुर महानगरपालिका वडा नं. ८, बालकुमारी, ललितपुर जिल्ला, नेपाल रहेको छ । सम्बन्धित निकायको स्वीकृति लिई अन्य स्थानमा पनि शाखा तथा सम्पर्क कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय सार्न सकिनेछ ।

(ई) कारोबार गर्ने मुख्य स्थान : यस संस्थाको कारोबार गर्ने स्थान मुख्य कम्पनीको कर्पोरेट कार्यालय ललितपुर महानगरपालिका वडा नं. ८, बालकुमारी, ललितपुरमा रहेको छ । यस कम्पनीको उद्योग पाँचखाल नगरपालिका, होक्से-७, काभ्रेपलाञ्चोक जिल्लामा रहेको छ ।

(उ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः

यस कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः

कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिको आधिकारिक रूपमा मिति २०७३/११/०५ मा कम्पनी रजिष्ट्रार को कार्यालय त्रिपुरेश्वर मा दर्ता नम्बर १६३९३१/०७३/०७४ मा दर्ता भएको थियो । यस कम्पनिको स्थापना स्वास्थ्य सेवा र पशु पोषण क्षेत्रमा योगदान गर्ने उद्देश्य भएकोले औद्योगिक उत्पादनमा प्रवेश गर्ने महत्वाकांक्षाका साथ, यस कम्पनीले मिति २०७५/०१/१० मा औषधि व्यवस्था विभाग (डीडीए) बाट उद्योग स्थापनाको लागि सिफारिस प्राप्त गर्नका लागि आवेदन दिई मिति २०७५/०२/०१ मा सिफारिस प्राप्त गर्‍यो ।

कम्पनीको रणनीतिक विस्तारको रूपमा, यस कम्पनीले सोही दर्ता नम्बर अन्तर्गत मिति २०७५/०५/१२ मा उद्योग विभाग, त्रिपुरेश्वरबाट उद्योग दर्ता प्रमाण पत्र गरी। समानान्तर रूपमा, कम्पनीले मिति २०७४/०९/२२ मा आन्तरिक राजश्व कार्यलयबाट स्थायी लेखा नम्बर ६०५९९६१५३ दर्ता भई मिति २०७५/०९/०९ मा होक्से बजार-७, पाँचखाल, काभ्रेमा उद्योग स्थापनाको लागि उद्योग विभागबाट प्रारम्भिक वातावरणीय मूल्यकंन (आई.ई.ई) स्वीकृति प्राप्त गरी उद्योग स्थापनाको लागी पूर्वाधार निर्माण तर्फका कार्यहरु सुरु भयो। यस कम्पनिले मिति २०७८/०८/२३ मा उद्योग विभागबाट पशु आहार पूरक उत्पादनको लागि इकाई उद्योग स्थापनाको लागि स्वीकृति प्राप्त गऱ्यो साथै कम्पनीले आर्थिक वर्ष २०७७/७८ मा आंशिक रूपमा व्यावसायिक उत्पादन सुरु गऱ्यो। आफ्नो लगानी क्षितिजलाई विस्तार गर्दै, कम्पनीले आर्थिक वर्ष २०७७/७८ मा एलोप्याथिक इकाईमा लगानी गरेसँगै आर्थिक वर्ष २०८१/८२ को श्रावण २३ गते औषधि व्यबस्था विभाग (DDA) बाट पहिलो एलोप्याथिक औषधिको बजारिकरणको लागि आवश्यक ईजाजत पत्र प्राप्त गऱ्यो।

वृद्धि र विविधीकरणको सम्भावनालाई पहिचान गर्दै, मिति २०८१/०३/२४ को विशेष साधारण सभाको विशेष प्रस्तावको निर्णयले कम्पनी रजिस्ट्रार कार्यालयबाट मिति २०८१/०३/२५ मा प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत गरियो। मिति २०८१/९/१ गतेको बार्षिक साधारण सभाको विशेष प्रस्तावले प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) को लागि निर्णय गऱ्यो र सार्वजनिक लगानी कर्ताहरु प्रतिको प्रतिबद्धतालाई प्रदर्शन गर्दछ।

यस कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) पशुपक्षी तथा माछाको आहारा (Animal and Aqua feed) पशुपंक्षी तथा माछाको पोषक आहारा (Animal feed supplements) उत्पादन तथा विक्री बितरण गर्ने र सो को उत्पादनको लागि आवश्यक कच्चा पदार्थको उत्पादन तथा आयात समेत गर्ने।

(ख) फिडप्रिमिक्स तथा फिडसप्लिमेन्ट उत्पादन गरी विक्री वितरण गर्ने।

(ग) मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने आयुर्वेदिक औषधीहरुको उत्पादन तथा विक्री वितरण गर्ने।

(घ) मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने एलोपेथिक औषधी (Allopathic Medicine) उत्पादन तथा विक्री वितरण गर्ने।

(ङ) जडिबुटी खेती गर्नुका साथै जडिबुटीको सार (Herbal Extract) को उत्पादन गर्ने तथा विक्री वितरण गर्ने।

(च) जडिबुटीको सार (Herbal Extract) बाट फाइटो (Phyto) किटनाशक तथा जैविक मलको उत्पादन गर्ने तथा सो को विक्री वितरण गर्ने।

(छ) जडिबुटीको सार (Herbal Extract) बाट फाइटो (Phyto) पशुपंक्षीको आहारा तथा एनिमल फिड सप्लिमेण्ट्स उत्पादन गर्ने तथा विक्री वितरण गर्ने।

(ज) जडिबुटीको सार (Herbal Extract) बाट फाइटो किटनाशक तथा जैविक मसकी उत्पादन गर्ने तथा सो को विक्रि वितरण गर्ने।

(झ) खाद्य, रसायन, जडिबुटी, भिटामिन, खनिज, पशु आहार, पशु पोषक आहार (Animal feed suppliments), मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने एलोपेथिक औषधी मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने आयुर्वेदिक औषधीको लागिअनुसन्धानमुलक प्रयोगशालाको स्थापना गरी सो को सञ्चालन गर्ने सेवा प्रदान गर्ने।

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा आवश्यक पर्ने गुणस्तरीय भेटनरी औषधी भ्याक्सिन फिडसप्लिमेन्ट, एमिनोएसिड तथा ती संग सम्बन्धित अन्य आवश्यक वस्तुहरु उत्पादन गरी विक्री वितरण गर्ने।

(ट) औषधी विज्ञानको दक्ष प्राविधिकहरुको साहयोग सल्लाह लिई औषधीको राष्ट्रिय आवश्यकता परिपूर्ति गर्न, औषधीको कच्चा पदार्थ उत्पादन गर्न, औषधी र दाना परिपूर्ति गर्न र राष्ट्रलाई औषधीमा आत्मनिर्भर बनाउन प्रयत्नशील रहने।

(ठ) ट्याबलेट, बोलस, पाउडर, इन्जेक्सन (पाउडर, भ्फोल) स्लाइनका साथै आवश्यकता अनुसार मानव तथा पशुपंक्षीलाई आवश्यक पर्ने सबै प्रकारका औषधीहरु उत्पादन गरी विक्री वितरण गर्ने।

(ड) फिडसप्लिमेण्ट, फिडएडिटिभ, मिनरल, भिटामिन जस्ता अत्यन्त संवेदनशील पर्दाथहरूको गुणस्तरयुक्त प्रमाणिकताका साथ किसानहरु माफ लान विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उद्योगसंग समन्वय गरी उत्पादन गरी बिक्री वितरण गर्नुका साथै कम्पनीबाट उत्पादित बस्तुहरु निर्यात समेत गर्ने ।

(ढ) भेटनरी तथा मानवजन्य औषधी उत्पादन गर्न आवश्यक पर्ने सबै प्रकारका कच्चा पदार्थहरु भारत लगायत अन्य मुलुकबाट आयात समेत गर्ने ।

(ण) उल्लेखित उद्देश्यहरुसंग सम्बन्धित औषधी आपूर्ती सम्बन्धी बोलपत्रमा सहभागी भई बोलकबोल स्वीकार गरी सो बमोजिम औषधीहरु सप्लाई गर्ने गराउने ।

(त) औषधी विज्ञानसंग सम्वन्धित विषयमा दक्ष प्राविधिक मार्फत ट्रेनिङ्ग उपलब्ध गर्ने गराउने र सो सम्बन्धमा खोजमुलक अध्ययन अनुसन्धान समेत गर्ने ।

२. उच्च गुणस्तर कायम राख्न प्रयोग भएको वा गरिने प्रबिधिहरुः

नेपालको औषधि उद्योग बिस्तारै आधुनिकीकरण हुँदै गइरहेको छ, जसमा कान्तिपुर फार्मास्युटिकल ल्याब कम्पनीले औषधिको गुणस्तर, उत्पादन दक्षता र अन्तर्राष्ट्रिय मापदण्डहरूको अनुपालनलाई बढाउन उन्नत प्रविधिहरूलाई एकीकृत गरिरहेको छ। हाल प्रयोगमा रहेका मुख्य प्रविधिहरू तल दिइएका छन् ।

२.१ स्वच्छ कक्ष प्रविधि (Clean Room Technology)

स्वच्छ कक्षले धुलो, सूक्ष्मजीवहरू र अन्य प्रदूषकहरूलाई नियन्त्रण गरेर प्रदूषणमुक्त वातावरण सुनिश्चित गर्दछ। यो उच्च क्षमता (High-Efficiency Particulate Air (HEPA) filters, Laminar Air Flow Systems लामिनार एयर फ्लो प्रणालीहरू, र नियन्त्रित वायु दावाव प्रणालीहरूको प्रयोगले सुसज्जित छ जसले औषधी निर्माणको लागि आवश्यक स्वच्छ वातावरण (Sterile environment) कायम राख्छ।

२.२ उच्च क्षमता तरल क्रोमेटोग्राफी High-Performance Liquid Chromatography (HPLC)

औषधीय यौगिकहरूको पहिचान, परिमाण निर्धारण र शुद्धता प्रमाणीकरणको लागि प्रयोग गरिन्छ।
यसले अशुद्धता पत्ता लगाएर र औषधीको स्थिरता कायम गरेर कच्चा पदार्थ र तयार उत्पादनहरूको गुणस्तर सुनिश्चित गरिन्छ।

२.३ पास बक्स (Pass Box) Technology

स्वच्छ र गैर-स्वच्छ क्षेत्रहरू बीचको नियन्त्रित स्थानान्तरण कक्ष, जसले क्रस-कन्ट्यामिनेशन (Cross Contamination) लाई रोक्दछ। यसबाट कच्चा सामग्रीहरू महत्वपूर्ण वातावरणमा मानवीय हस्तक्षेप बिना सुरक्षित रूपमा पास हुन्छन् ।

२.४ पानी प्रशोधन प्रणालीहरू

औषधि उत्पादनको लागि शुद्ध पानीको उपलब्धता सुनिश्चित गर्दछ। यसमा राम्रो निर्माण अभ्यास (GMP) मापदण्डहरू पूरा गर्न आवश्यक प्रणाली रिभर्स ओस्मोसिस (RO), पराबैंगनी (UV) sterilization, र Electronic Deionization समावेश छ।

२.५ सुसज्जित गुणस्तर नियन्त्रण (QC) प्रयोगशाला

औषधीहरूको रासायनिक र सूक्ष्मजैविक गुणहरू परीक्षण गर्न ग्यास क्रोमेटोग्राफी (GC), फोरियर ट्रान्सफर्म इन्फ्रारेड स्पेक्ट्रोस्कोपी (FTIR), र यूभी-भिजुअल स्पेक्ट्रोस्कोपी जस्ता उन्नत उपकरणहरू राखिएको छ।

२.६ प्याकेजिङमा स्वचालन प्रविधि

स्वचालित प्याकेजिङ प्रणालीहरूले दक्षता, परिशुद्धता र नियामक मापदण्डहरूको अनुपालनलाई बढाउँछन्।
उत्पाद सुरक्षा र traceability सुनिश्चित गर्न ब्लिस्टर प्याकेजिङ, स्ट्रिप प्याकेजिङ, र स्वचालित लेबलिंग मेसिनहरू समावेश गरेको छ।

२.७ HVAC (Heating, Ventilation, and Air Conditioning) Systems Technology

स्थिर उत्पादन वातावरण सुनिश्चित गर्न तापमान, आर्द्रता र वायुप्रवाह नियन्त्रण कायम गर्दछ।
प्रदूषणलाई रोक्छ, औषधीको प्रभावकारिता सुनिश्चित गर्दछ।

२.८ तापक्रम तथा आर्द्रता कक्ष

विभिन्न तापक्रम र आर्द्रता परिस्थितिहरूमा औषधीको स्थिरता परीक्षण गर्नको लागि नियन्त्रित वातावरण कक्ष प्रविधि को प्रयोगले औषधीहरूको शेल्फ लाइफ र प्रभावकारिता सुनिश्चित गर्न सहयोग गर्दछ।

२.९ Spectra lab Microcontroller-Based Conductivity Meter

यो प्रविधीले औषधि निर्माणमा प्रयोग हुने पानीको (Conductivity) चालकता र शुद्धता मापन गर्दछ। साथै फार्माकोपिया लगायतका मापदण्डहरूको अनुपालन सुनिश्चित गर्दछ।

समयअनुसार आधुनिकीकरण गर्ने क्रममा कान्तिपुर फर्मास्यूटिकल्स ल्यावले नेपालको औषधि क्षेत्रको विकाससँगै, उत्पादकत्व, अनुपालन र विश्वव्यापी प्रतिस्पर्धात्मकता बढाउन धेरै उन्नत प्रविधिहरू अपनाउने लक्ष लियको छ।

२.१० औषधि विकासमा आर्टिफिसियल इन्टेलिजेन्स (AI) र मेसिन लर्निङ (ML) प्रविधिको प्रयोग।

औषधि निर्माण र गुणस्तर आश्वासनको लागि AI संचालित भविष्यवाणी गर्ने मोडेलहरू।औषधि संरचनामा विसंगतिहरू पत्ता लगाउन र उत्पादन प्रक्रियाहरूलाई अनुकूलन गर्न ML एल्गोरिदमहरू। प्रयोग गरी आधुनिकिकरण गर्दै लाने योजना रहेको छ।

२.१० Robotic Process Automation (RPA) in Manufacturing and QC

यो प्रबिधिको प्रयोगले तौल, मिश्रण, र प्याकेजिङ्गलाई स्वचालित गरेर मानवीय त्रुटिहरू कम गर्दछ ।औषधि परीक्षण र प्रमाणीकरणमा शुद्धता बढाउँछ ।

Oil Free Compressed Air System

२.११ Continuous Manufacturing (CM): निरन्तर निर्माण

Continuous Manufacturing (CM) औषधि उत्पादनमा एक परिवर्तनशील दृष्टिकोण हो, जसले परम्परागत ब्याच प्रक्रिया (Batch Processing) बाट एउटा निरन्तर र बिना अवरोध प्रक्रिया तर्फको परिवर्तनलाई प्रतिनिधित्व गर्छ । ब्याच निर्माणमा उत्पादन पूर्वनिर्धारित चरणहरूमा सम्पन्न हुन्छ, जबकि CM मा कच्चा पदार्थहरू निरन्तर प्रवाहमा परस्पर जडित प्रक्रियाहरू मार्फत अन्तिम उत्पादनमा रूपान्तरण हुन्छ । जसको प्रयोगले,उत्पादन समय र लागत घटाउँछ, गुणस्तर सुनिश्चित गर्दछ र स्केलेबिलिटी बढाउँछ ।

Granulation Room

उद्योगले हाल प्रयोग गरेका मापदण्डहरू
Current Standards and Practices

GMP Guidelines from the Department of Drug Administration (DDA), Nepal: प्रमाणपत्र, नेपालका औषधि उत्पादन कम्पनीहरूका लागि नेपाल सरकारको औषधि प्रशासन विभाग (DDA) द्वारा जारी गरिन्छ । यसले औषधि उत्पादन प्रक्रियामा उच्च गुणस्तर, सुरक्षा, र प्रभावकारिता सुनिश्चित गर्दछ । GMP प्रमाणपत्रले नेपालको औषधि उद्योगलाई WHO-GMP जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरूको स्तरमा पुऱ्याउन मद्दत गर्दछ ।

एलोपेथिक औषधि तर्फ

WHO-GMP: WHO-GMP औषधि उत्पादन, भण्डारण, र वितरणका लागि विश्वव्यापी मापदण्ड हो, जसले गुणस्तर, सुरक्षा, र प्रभावकारिता सुनिश्चित गर्दछ । यसले अन्तर्राष्ट्रिय अभ्यासमा सामन्जस्यता ल्याउँदै औषधि निर्यातलाई सहज बनाउँछ ।

आहार पुरक (Feed Supplements) इकाइ तर्फ

FAMIQs फिड र औषधि उद्योगको लागि विशेष रूपमा डिजाइन गरिएको गुणस्तर र सुरक्षा (HACCP) व्यवस्थापन प्रणाली हो । यसले कम्पनीहरूले फिड एडिटिभ, प्रि-मिक्स, र औषधि सामग्रीहरूको उत्पादनमा राम्रो निर्माण अभ्यासहरू (GMP), खतरा विश्लेषण र महत्वपूर्ण नियन्त्रण बिन्दुहरू (HACCP), र जोखिम व्यवस्थापन प्रोटोकलहरू पालना गरेको सुनिश्चित गर्दछ । यो अन्तराष्ट्रिय रूपमा मान्यता प्राप्त प्रमाणीकरण हो जसले फिड र कच्चा पदार्थहरूको सुरक्षित, कानूनी र उच्च-गुणस्तरको उत्पादनको ग्यारेन्टी दिन्छ ।

FamiQS का उपयोगहरू:

FamiQS पशु फिडमा प्रयोग हुने कच्चा पदार्थ र सामग्रीहरू सुरक्षित, दूषित-मुक्त छन् र गुणस्तर मापदण्डहरू पूरा गरेको सुनिश्चित गर्दछ। अन्तर्राष्ट्रिय नियमहरूको अनुपालनः यसले कम्पनीहरूलाई युरोपेली संघ (EU) नियमहरू, विश्व स्वास्थ्य संगठन (WHO) दिशानिर्देशहरू, र अन्य विश्वव्यापी सुरक्षा मापदण्डहरूको अनुपालन गर्न मद्दत गर्दछ। संयुक्त राज्य अमेरिका, युरोप र जापान जस्ता विनियमित बजारहरूमा उत्पादनहरू निर्यात गर्नको लागि आवश्यक छ। कच्चा पदार्थ सोर्सिङमा जोखिम व्यवस्थापनः आपूर्ति श्रृंखलामा प्रदूषण रोक्नको लागि खतराहरू र महत्वपूर्ण नियन्त्रण बिन्दुहरू Hazard Analysis and Critical Control Point (HACCP) पहिचान गर्दछ। माइक्रोबियल प्रदूषण, भारी धातुहरू, विषाक्त पदार्थहरू, र रासायनिक अशुद्धताहरू सम्बन्धित जोखिमहरू कम गर्दछ।

Traceability र पारदर्शितामा सुधारः प्रत्येक सामग्री र प्रक्रिया रेकर्ड गरिएको सुनिश्चित गर्दछ, उत्पादनदेखि वितरणसम्म उत्पादनहरू ट्र्याक गर्न सजिलो बनाउँछ। रिकल, लेखा परीक्षण, र गुणस्तर निरीक्षणहरूमा उपयोगी छ।

उत्पादन दक्षता बढाउनेः मानकीकृत प्रक्रियाहरूले राम्रो गुणस्तर नियन्त्रण र कम फोहोरमा पुऱ्याउँछ। स्वचालन र प्रक्रिया नियन्त्रणले कम्पनीहरूलाई दक्षता सुधार गर्न र उत्पादन लागत घटाउन मद्दत गर्दछ।

उपभोक्ता र नियामकहरू बीच विश्वास निर्माणः **FamiQS** प्रमाणीकरणले ग्राहकहरू, सरोकारवालाहरू, र सरकारी एजेन्सीहरूलाई आश्वासन दिई उत्पादनहरूले उच्चतम सुरक्षा मापदण्डहरू पूरा गर्छन्। बजार प्रतिष्ठा र व्यवसाय विश्वसनीयता प्राप्त गर्न मद्दत गर्दछ।

FamiQS का फाइदाहरू:

उच्च बजार प्रतिस्पर्धात्मकताः FamiQS प्रमाणीकरण भएका फिड उत्पादकहरूले आफ्ना उत्पादनहरू विश्वव्यापी रूपमा निर्यात गर्न सक्छन्, जसले उच्च राजस्व र अन्तर्राष्ट्रिय साझेदारीको ढोका खोल्दछ।

प्रदूषण र रिकलको कम जोखिमः कडा गुणस्तर मापदण्डहरू कायम गरेर कम्पनीहरूलाई महँगो उत्पादन रिकल र कानूनी मुद्दाहरूबाट बच्न मद्दत गर्दछ।

उत्तम आपूर्तिकर्ता र ग्राहक सम्बन्धः FamiQS ले केवल उच्च-गुणस्तरको कच्चा पदार्थहरू प्रयोग गरेको सुनिश्चित गर्दछ, आपूर्तिकर्ताहरू, उत्पादकहरू र ग्राहकहरू बीचको सम्बन्ध सुधार गर्दछ।

स्थायित्व र वातावरणीय लाभहरूः वातावरण मैत्री उत्पादन अभ्यासहरूलाई प्रोत्साहन गर्दछ, फोहोर, प्रदूषण, र स्रोत खपत कम गर्दछ। नेपालको फिड उद्योगलाई फाइदा नेपाली पशु फिड कम्पनीहरूले आफ्नो विश्वव्यापी निर्यात क्षमता र नियामक अनुपालनमा सुधार गरेर **FamiQS** बाट लाभ उठाउन सकिन्छ।

अनुसुची

कान्तिपुर फर्मास्युटिकल्स ल्याब लि को कम्पनी ऐन, २०६३ को दफा १०९ (४) अनुसारको अतिरिक्त विवरण
आर्थिक वर्ष २०८१/०८२

(क) विगत वर्षको कारोबारको सिंहावलोकन,

विवरण	आ. ब. २०८०।८१	आ. ब. २०८१।८२
शेयर पुंजी	630,000,000.0	630,000,000.0
बाँटफाँट गर्न बाँकि रहेको शेयर पुंजी	०।	०।
संचित नाफा वा नोक्सान	119,917,770.1	144,51
जगेडा तथा कोषहरु	749,917,770.1	774,512,540.5
कुल नेटवर्थ	749,917,770.1	774,512,540.5
बिक्रि रकममा	226,527,619	408,760,640
खुद मुनाफा / (नोक्सान)	31,600,120.2	25,686,530.9
शेयर संख्या	6,300,000.0	6,300,000.0
प्रति शेयर नेटवर्थ (रु)	119.0	122.9
प्रति शेयर आम्दामी (रु)	5.0	4.1
प्रति शेयर चुक्ता रकम (रु)	100.0	100.0
नेटवर्थमा औसत प्रतिफल (प्रतिशतमा)	4.2%	3.3%
मौजात कारोवार अनुपात (Inventory Turnover Ratio)	1.76	1.58
आसामी कारेवार अनुपात (Debtor Turnovevr Ratio)	1.80	2.36
साहु कारोबार अनुपात (Creditor Turnover Ratio)	2.07	9.15
खुद सम्पत्तिमा मुनाफा अनुपात (Return On Net Assets)	5.7%	5.63%
ऋण पुँजि अनुपात (Debt Equity Ratio)	18.7%	20.44%
ऋण सम्पत्ति अनुपात (Debt Assets Ratio)	13.51%	13.29%

(ख) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि तथा भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा,

प्रतिवेदन तयार भएको मितिसम्म कम्पनीले निर्धारित कार्ययोजनाअनुसार उत्पादन, गुणस्तर नियन्त्रण, बजार विस्तार तथा नियामक अनुपालनका क्षेत्रमा सन्तोषजनक प्रगति गरेको छ। कम्पनीले लागू कानुन, GMP मापदण्ड तथा औषधि व्यवस्था विभाग (DDA) का निर्देशनहरुको पालना गर्दै विभिन्न ५९ प्रकारका औषधिहरुको बजारीकरण अनुज्ञापत्रहरु तथा १०७ प्रकारका औषिधिहरुको उत्पादन अनुज्ञा पत्रहरु प्राप्त गर्न सफल भएको छ उत्पादन तथा बजारीकरणलाई निरन्तरता दिएको छ। वित्तीय अनुशासन कायम राख्दै आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिएको छ र सञ्चालनलाई स्थायित्व प्रदान गरिएको छ।

आगामी दिनहरूमा कम्पनीले उत्पादन क्षमता अभिवृद्धि, नयाँ उत्पादनहरूको दर्ता तथा बजारीकरण, बिक्री सञ्जाल विस्तार, प्रविधि आधुनिकीकरण तथा मानव संसाधन विकासमा जोड दिने लक्ष्य लिएको छ। साथै, जोखिम व्यवस्थापन, लागत नियन्त्रण, सुशासन तथा संस्थागत सामाजिक उत्तरदायित्वलाई थप सुदृढ गर्दै दीगो र प्रतिस्पर्धी व्यवसायिक वृद्धि हासिल गर्ने दिशामा कम्पनी अग्रसर रहने सञ्चालक समितिको धारणा रहेको छ।

(ग) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्वन्ध,

कम्पनीले उत्पादन, वितरण तथा बजार व्यवस्थापनका सबै चरणमा विभिन्न सरोकारवालासँग दीर्घकालीन र विश्वासपात्र सम्बन्ध कायम गर्दै आएको छ। औद्योगिक सम्बन्धमा, कच्चा पदार्थ तथा अन्य उत्पादन सामग्रीका आपूर्तिकर्ताहरूसँग समयमै आपूर्ति, गुणस्तर सुनिश्चितता तथा लागत नियन्त्रणका आधारमा स्थिर साझेदारी कायम गरिएको छ। यसले उत्पादन शृङ्खलालाई निरन्तरता र विश्वसनीयता प्रदान गरेको छ।

व्यावसायिक सम्बन्धमा, कम्पनीले वितरक, स्टकिस्ट, र व्यापारी साझेदारहरूसँग बलियो नेटवर्क निर्माण गरी बजार विस्तार, उत्पादनको पहुँच र ग्राहक सेवा सुदृढ गरेको छ। साझेदारहरूलाई समयमै उत्पादित वस्तु उपलब्ध गराउने, मूल्य तथा क्रेडिट नीति स्पष्ट राख्ने, तथा बिक्रीपछि सेवा र प्राविधिक सहयोग प्रदान गर्ने माध्यमबाट विश्वास कायम गरिएको छ। साथै, बजारको माग, प्रवृत्ति र ग्राहक प्रतिक्रिया सम्बन्धमा नियमित रूपमा जानकारी आदान-प्रदान गरी उत्पादन र वितरण रणनीतिमा सुधार गर्दै आएको छ। साथै तेस्रो पक्ष उत्पादन तथा वितरण लाइ समेत प्रथमिकता दिइएको छ।

कम्पनीले व्यावसायिक साझेदारहरूसँग सहकार्यमा मार्केटिङ, ब्राण्ड प्रमोशन, तथा ग्राहक शिक्षा कार्यक्रमहरू पनि सञ्चालन गर्दै बजारमा आफ्नो उपस्थितिलाई मजबुत बनाउँदै आएको छ। यी सम्बन्धहरूले कम्पनीलाई प्रतिस्पर्धात्मक लाभ, बिक्री वृद्धि र दीगो व्यापारिक विकासमा योगदान पुर्‍याएको छ।

(घ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण,

मिति २०८१ साल पौष १ गते बसेको यस कम्पनिको बिषेश साधारण सभाले तपमिल बमोजिमका सदस्यहरुलाई कम्पनिको नियमावलीको परिच्छेद ४ दफा (२७) उपदफा (३) बमोजिम ४ बर्षका लागी नियुती गरेको छ ।

सि.नं	नाम, थर, ठेगाना	पद	शेयर संख्या	पिताको नाम
१.	हेमराज बडाल	अध्यक्ष	३,६२,००० थान	दिर्घ प्रसाद बडाल
२.	सुना सुबेदी	संचालक	२६,७४,००० थान	जगदिश चन्द्र सुबेदी
३.	अनिश बडाल	संचालक	११,००,००० थान	हेमराज बडाल
४.	नवराज पौड्याल	संचालक	१,११,००० थान	टंकनाथ पौडेल
५.	दिवेश थापा	संचालक	१,००,००० थान	दिल बहादुर थापा
६.	निरज कार्की	स्व. संचालक	०। - थान	पक्ष बहादुर कार्की
७.				

(ङ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया ।
अन्य खुलासा गर्नुपर्ने विवरण

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण N.B.S.M. & Associates, Chartered Accountants बाट सम्पन्न गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा कुनै पनि Emphasis of Matter of Qualification उल्लेख गरिएको छैन ।

(च) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम ।

आर्थिक वर्ष २०८१/८२ मा कम्पनीले रु. २.५६८ करोड खुद नाफा आर्जन गरे तापनि, भविष्यको विस्तार योजना, कार्यशील पूँजीको आवश्यकता तथा दीर्घकालीन वित्तीय स्थायित्वलाई मध्यनजर गर्दै सञ्चालक समितिले यस आर्थिक वर्षका लागि लाभांश वितरण नगर्ने निर्णय गरेको छ ।

(छ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, जफत हुनुअघि सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम, जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण नभएको ।

(ज) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति तथा सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन,

(झ) कम्पनी तथा यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेका प्रमुख कारोबारहरू तथा सो अवधिमा कारोबारमा आएको कुनै महत्त्वपूर्ण परिवर्तन,

(ञ) विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी,

(ट) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्व विवरण तथा कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा प्राप्त जानकारी,

बिगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले कम्पनिको कुनै पनि शेयर स्वामित्व, शेयर कारोबारमा संलग्नता नभएको ।

(ठ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक वा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ रहेको भए सोको विवरण, नभएको ।

(ड) कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको भए त्यसको कारण, त्यस्तो शेयरको संख्या, अङ्कित मूल्य तथा सो बापत भुक्तानी गरिएको रकम, नभएको ।

(ढ) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भए त्यसको विस्तृत विवरण,

कम्पनीमा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा रहेको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार कम्पनीको लेखा प्रणाली, आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रक्रिया पर्याप्त तथा सन्तोषजनक रहेका छन् । मुख्य वित्तीय जोखिमहरू न्यूनिकरण गर्न व्यवस्थापनले निरन्तर निगरानी गर्दै आएको छ ।

(ण) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण,

कम्पनीको यस आ.व. २०८१/८२ को व्यवस्थापन खर्चको विवरण यसप्रकार रहेको छ ।

सि.नं	व्यवस्थापन खर्चको विवरण	रकम (रु.)
१.	कर्मचारी खर्च	२,२०,३५,६१६।००
२.	कार्यालय सञ्चालन खर्च	१,७१,६२,९४३।००
	कूल व्यवस्थापन खर्च	३,९१,९८,५५९.००

(त) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, समितिले गरेको काम-कारवाहीको विवरण तथा समितिले कुनै सुझाव दिएको भए सोको विवरण ।

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण N.B.S.M. & Associates, Chartered Accountants बाट सम्पन्न गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा कुनै पनि Emphasis of Matter वा Qualification उल्लेख गरिएको छैन ।

यद्यपि लेखापरीक्षकले Key Audit Matters अन्तर्गत मुख्यतः (i) Revenue Recognition तथा (ii) Capital Work in Progress सम्बन्धी विषयहरूमा विशेष लेखापरीक्षण ध्यान दिएको उल्लेख गरेका छन् । यी विषयहरूमा कम्पनीले लागू गरेको लेखा नीतिहरू नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) अनुरूप रहेको र लेखापरीक्षकले सन्तोषजनक निष्कर्ष निकालेको छ ।

N. B. S. M. & Associates
Chartered Accountants
6th Floor, Block C & D, Four Square Complex
Narayan Chaur, Naxal, Kathmandu, Nepal

T +977.1.4533069
T +977.1.4515242
info@nbsm.com.np
www.nbsm.com.np

INDEPENDENT AUDITOR'S REPORT

The Shareholders of M/s Kantipur Pharmaceuticals Lab Limited.

Report on the Audit of Financial Statements

We were engaged to audit the financial statements of M/s. Kantipur Pharmaceuticals Lab Limited, Balkumari, Lalitpur, Nepal (hereinafter referred to as "the company"), which comprises the balance sheet as at Ashad 32, 2082 (July 16, 2025) and profit or loss account, cash flow statement, statement of change in equity for the year then ended and notes to the financial statements including a summary of significant accounting policies and other explanatory notes.

In our opinion, the accompanying financial statements give a true and fair view, in all material respects, of the financial position of the company as at Ashad 32, 2082 (July 16, 2025) and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS) with allowed carveouts, comply with Company Act, 2063.

Basis of Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the auditor's responsibilities for the audit of the financial statements section of our report. We are independent of the company in accordance with the Institute of Chartered Accountant of Nepal's code of ethics for professional accountants together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with those requirements. We believe that the audit evidence we have obtained are sufficient and appropriate to provide a basis for our opinion

Key Audit Matters

Key audit matters are those matters that, in our professional judgement, were of most significance in the audit of the financial statements of the current period. These matters were addressed in the context of the audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters.

We have determined the matters described below to be the key audit matters to be communicated in our report.

Key Audit Matter	Our Audit Approach and Responses
1. Revenue Income The company adopted NFRS 15 "Revenue from contract with customers" for accounting of the revenue of the company from the sale of goods.	Our revenue testing included both testing of the company's controls as well as substantive audit procedures targeted at revenue from operation. Our substantive testing focused on estimates applied by management in accounting.

N. B. S. M. & Associates Kathmandu Nepal Chartered Accountants

The company has generated revenue of Rs. 408,760,640 for the fiscal year 2081-82. Revenue is the key indicator for measuring performance and this implies the presence of inherent risk by overstatement of revenue recognition to increase profitability. Therefore, revenue recognition was considered a key audit matter.	Our Procedures included, among other things, the following: • Obtained an understanding of the company's adoption of NFRS 15 and identified the internal controls including entity level controls adopted by the company for the accounting, processes and systems under the accounting standard. • Verification of the sales invoices on test basis • Verification of the stock movement and closing stock at the reporting date • Conducting analytical audit procedures for revenues, by comparing sales quantities and prices for the current year with the previous year and determining whether there are any significant trends or fluctuations that need additional examination in light of our understanding of the current marketing conditions.
2. Capital Work In Progress The expenditure incurred in acquisition and installation of new systems and equipment under construction till the date of completion is recognized as Capital Work in Progress. Such systems and equipment shown as Capital Work in Progress are capitalized upon completion and after being capable of being used. During the audit period, it was noted that Machinery Work-in-Progress amounting to NPR 144,350,871 and Building Work-in-Progress amounting to NPR 297,387,108 were capitalized upon completion and readiness for their intended use. Such capitalization has been carried out with effect from **Bhadra 1, 2081**, being the date on which the respective assets were available for use. Subsequently, depreciation has been charged on these assets from the date of capitalization in accordance with the applicable accounting standards.	Our audit procedures included the following: • Obtained an understanding of the process relating to recording of transactions as part of capital work in progress and testing the design, implementation and operating effectiveness of key internal controls. • Testing the costs incurred on projects with supporting documentation and contracts. • Assessing the nature of costs incurred for the capital projects through testing, on sample basis, of amounts recorded and considering whether the expenditure meets the criteria for capitalization as per the applicable accounting and reporting standards. • Assessing the adequacy of presentation and disclosures as required under the accounting and reporting standards as applicable and • Assessing whether the accounting policies for capitalization of capital work in progress complies with the requirements of accounting and reporting standards as applicable.

Information other than the Financial Statements and Auditor's Report thereon

Management is responsible for the other information. The other information comprises the information included in the annual report, including the report of the board of directors, but doesn't include the financial statements and our auditor's Report thereon. The annual report including the report of the Board of directors is expected to be made available to us after the date of this auditor's Report.

Our opinion on the financial statements doesn't cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information identified above when it becomes available and, in doing so, consider whether the other information is materially inconsistence with the financial statements for our knowledge obtained in the audit, or otherwise appears to the materially misstated.

Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatements, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate or to cease operations, or has no realistic alternative but to do so.

Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatements, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.
As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We are also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the company to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the financial statements, including the disclosures, represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient and appropriate audit evidence regarding the financial information of the entities or business activities to express an opinion on the financial statements.

M. S. M. & Associates Chartered Accountants Kathmandu Nepal

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the financial statements of the current period and are therefore the key audit matters. We describe these matters in our auditor's report unless law or regulation precludes public disclosure about the matter or when, extremely rare circumstances, we determine that a matter should not be communicated in our report because the adverse consequences of doing so would reasonably be expected to outweigh the public interest benefits of such comment.

Report on Other Legal and Regulatory Requirements

We have obtained information and explanations asked for, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit. In our opinion, proper books of account as required by law have been kept by the company in so for as it appears from our examination of those books of account of the company. In our opinion statement of financial position, statement of profit and loss, statement of change in equity, and statement of cash flows for the year ended and summary of significant accounting policies and other explanatory notes have been prepared in accordance with the requirements of Companies Act, 2063 and are in agreement with the books of accounts maintained by the company. In our opinion and to the best of information and according to the explanation given to us and from the examination of the books of account of the company, we have not come across any case where the board of directors or any employee of the company have acted contrary to legal provisions regarding to accounts or committed any misappropriation or caused any loss of damage to the company.

For N. B. S. M. & Associates
Chartered Accountants

CA. Rajesh Kumar Sah, FCA
Senior Partner
Place: Kathmandu, Nepal

Date: 2082/09/22
UDIN: 260108CA00546t8Ju4

Kantipur Pharmaceuticals Lab Limited
Balkumari, Lalitpur

Statement of Financial Position
As at 32 Ashad 2082 (16 July 2025)

PARTICULARS	Notes	As on Ashad 32, 2082	As on Ashad 31, 2081
ASSETS			
NON CURRENT ASSETS			
Property, Plant & Equipment	4.6	769,136,738	694,645,520
Intangible Assets	5	40,011	86,341
Right to Use Assets	4.6	25,370,610	27,484,827
Deferred Tax Asset	7	-	-
